# भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. १६

## ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ऋण तथा जमानत (एक्काइसौं संशोधन) ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन: ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "पाँच खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "सात खर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

प्रमाणीकरण मिति: २०७३।७।२९

आज्ञाले,

टेकप्रसाद ढुङ्गाना

नेपाल सरकारको सचिव





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७३ को ऐन नं. १७

### राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०७३/७४ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०७३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्र ऋण उठाउने अधिकार : (१) आर्थिक वर्ष २०७३/७४ को निमित्त नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न नेपाल सरकारले आर्थिक वर्ष २०७३।७४ को अन्त्यमा अधिविकर्ष बापत तिर्न बाँकी रकम र अन्य तिर्न बाँकी रकममा थप रु. १,११,००,००,००,०००।- (अक्षरेपी एक खर्ब एघार अर्ब) मा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ।

तर यसरी उठाइने राष्ट्र ऋण रकममा नेपाल सरकारले प्रचलित कानून बमोजिम लिन पाउने अधिविकर्ष रकम समावेश हुने छैन।

153



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ सम्मको नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी अधिविकर्षलाई नेपाल सरकारले ट्रेजरी बिलमा परिणत गर्न स्वीकृति दिन सक्नेछ।

(३) यस दफा बमोजिम उठाइएको राष्ट्र ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्र ऋण ऐन, २०५९ बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः २०७३।७।२९

आज्ञाले,
**टेकप्रसाद ढुङ्गाना**
**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।